**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

## सोल्टी होटल लिमिटेडका शेयरधनी महानुभावहरुलाई

# लाभांश वितरण सम्बन्धी अत्यन्त जरुरी सूचना

यस कम्पनीको मिति २०७४ मंसिर २८ गते सम्पन्न ४३औं वार्षिक साधारण सभाबाट पारित भएको चुक्ता पूंजीको ६.०५२६३१५८ प्रतिशत नगद लाभांश मिति २०७४ पौष २८ गते (१२ जनवरी २०१८) शुक्रवारका दिन देखि वितरण गरिने भएकोले सो सम्बन्धमा निम्नलिखित व्यवस्था गरिएकोले यस कम्पनीका शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. मिति २०७४ मंसिर ४ गते सम्म हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्ने डिम्याट गरेका शेयरधनीहरुको हकमा नगद लाभांश निजहरुको बैंक खातामा नै पठाउने व्यवस्था गरिनेछ ।

२. डिम्याट गरेतापनि हितग्राही खातामा बैंक खाता अद्यावधिक नगरेका शेयरधनीहरु, हितग्राही खातामा बैंक खाता अद्यावधिक गरेका तर शेयर धितो बन्धकीमा (Share Pledge) राखेका शेयरधनीहरु तथा भौतिक प्रमाण पत्र धारक (डिम्याट नगरेका) शेयरधनीहरुको हकमा नगद लाभांशको चेक/नगद रकम मिति २०७४ पौष २८ गते (१२ जनवरी २०१८) शुक्रवार का दिन देखि (शनिबार, आईतबार र अन्य बिदाको दिन बाहेक) दिउंसो २:०० बजेदेखि ५:०० बजे सम्म कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल, काठमाण्डौबाट वितरण गरिने जानकारी गराउँदछौं ।

३. आफ्नो हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्दा खाता रुजू नभई नगद लाभांश प्राप्त नगर्नुहुने शेयरधनीहरुको विवरण सो विवरण बैंकबाट प्राप्त हुँनासाथ कम्पनीको वेवसाईट www.soalteehotel.com मा राखिनेछ र त्यस्ता शेयरधनीहरुले पनि एक पटकको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल, काठमाण्डौबाट नगद नै प्राप्त गर्न सक्नुहुनेछ ।

४. शेयर धितो बन्धकीमा (Share Pledge) राखेका शेयरधनीहरुले नगद लाभांश लिन आउँदा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट सैद्धान्तिक सहमति पत्र (No Objection Letter) लिई आउनु पर्नेछ ।

**बैंक खातामा भुक्तानी हुने बाहेकका शेयरधनीहरुको लागि अन्य जानकारी:**

१. लाभांश लिन आउँदा शेयरधनी प्रमाणपत्रको सक्कल परिचय खुल्ने डिम्याट प्रमाण वा सो को प्रतिलिपि सहित उपस्थित हुनु पर्नेछ ।

२. आफै उपस्थित हुन असमर्थ शेयरधनीहरुले प्रतिनिधि मार्फत रितपुर्वक अख्तियारीनामा दिई लाभांश प्राप्त गर्न सक्नु हुनेछ ।

३. कम्पनीको अभिलेखमा रहेको शेयरधनीको दस्तखत प्रमाण भिडे पछि मात्र लाभांश भुक्तानी दिईनेछ ।

**सोल्टी होटल लिमिटेड**

ताहाचल, काठमाण्डौं